





"लिम्चुङबुङ ज्ञान र सिपको उज्यालो पाइला"

# लिम्चुङबुङ गाउँपालिका

## सिकारु सिप विकास कार्यक्रम

## कृषि सदन

## कक्षा ९–१२

**शिक्षामा सिप**

पाठ्यक्रम मार्गदर्शन (१०० घण्टा)

प्रयोगात्मक ७० घण्टा | शैद्धान्तिक ३० घण्टा





लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुर, कोशी प्रदेश

## प्रमुख संरक्षक

श्री पुष्पलाल राई, कार्यवाहक अध्यक्ष

**सल्लाहकारः**

श्री मेजर कुमार राई, पुर्व गाँउपालिका अध्यक्ष

श्री सन्देश राई, प्रमुख प्रशासकिय अधिकृत

श्री जितेन्द्र राई, सामाजिक विकास समिति संयोजक

श्री जनदिप थापा मगर, वडा अध्यक्ष वडा न. एक

श्री गुरुमणी कुमाई, वडा अध्यक्ष वडा न. तिन

श्री छत्र बहादुर राई, वडा अध्यक्ष वडा न. चार

श्री कवि चन्द्र राई, वडा अध्यक्ष वडा न. पाँच

श्री गोविन्द कार्की, प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा

**परिकल्पनाः**

श्री गोविन्द कार्की, प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा

**पाठ्यक्रम निर्माण कार्यदलः**

| | |
|---|---|
| श्री विश्वराम राई | संयोजक |
| श्री युवराज खत्री | STEAM पाठ्यक्रम मार्गदर्न लेखन सदस्य |
| श्री लक्ष्मीदेवी कार्की | उद्यम पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |
| श्री शिवराम राई | कृषि पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |
| श्री लाल बहादुर विश्वकर्मा | ललितकला पाठ्यक्रम मार्गदर्शन लेखन सदस्य |

**भाषा सम्पादनः**

श्री नविन खड्का

**कम्प्युटरः**

श्री गोविन्द कार्की

श्री भुपेन्द्र कार्की

**प्रकाशकः लिम्चुङबुङ गाउँपालिका**
**उदयपुर, कोशी प्रदेश, नेपाल**
**सर्वाधिकारः प्रकाशकमा**
**प्रकाशन वर्ष : २०८३**
**मुद्रण प्रतिः २००**
**सेटिङ : सञ्जय कुमार राजवंशी**
**मुद्रकः नव दुर्गा प्रिन्टर्स, विराटनगर-११, मोरङ**

# शुभकामना मन्तव्य

राष्ट्रको सर्वाङ्गिण समुन्नति एवं सभ्यताको जननी शिक्षा हो। आजको युगमा सर्वपक्षीय अवसरका ढोकाहरू उद्घाटन गर्ने जीवनोपयोगी नैतिक अनुशासित एवं विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक एवं प्रयोगात्मक शिक्षा अनि उक्त शिक्षालाई सही मार्गदर्शन गर्न सक्ने सैद्धान्तिक शिक्षाले मात्र आजको साझा आवश्यकतालाई पुष्टि गर्ने भएकोले हामीले शिक्षामासीप कार्यक्रमलाई समेत जोड दिएका छौं।

हामीलाई पूर्ण विश्वास छ कि सिकाई र सीप एकअर्काका परिपरक हुन् सिकाइले सीपलाई परिष्कृत बनाउँछ भने सिपले सिकाइलाई जीवनोपयोगी व्यवहारिक एवं दिगो बनाउँदछ। यही परियोजनार्थ हामीले स्थानीय आवश्यकता सम्भावना स्रोत साधन एवं विज्ञहरूको सुझावलाई समेट्दै शिक्षामा सिप पाठ्यक्रम मार्गदर्शन तयार गरी कार्यान्वयनको चरणमा ल्याएका छौं ।

हामीले विश्वास गरेका छौं कि सिकाइ र सीप एकअर्काका परिपूरक पक्ष हुन्। सिकाइले सीपलाई परिष्कृत बनाउँछ भने सीपले सिकाइलाई जीवन उपयोगी, व्यवहारिक र दिगो बनाउँछ। यसै उद्देश्यलाई केन्द्रमा राखी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना, स्रोतसाधन तथा विज्ञहरूको सुझावलाई समेट्दै "शिक्षामा सीप पाठ्यक्रम मार्गदर्शन" तयार गरी कार्यान्वयनको चरणमा ल्याएको छ। यो मार्गदर्शन केवल एउटा पुस्तक मात्र होइन, लिम्चुङबुङको शैक्षिक रूपान्तरणको साझा संकल्प र भविष्यको मार्गचित्र पनि हो। गाउँपालिकाभित्र रहेका ३४ वटा विद्यालयमा क्रमशः कार्यान्वयन गरिने यस कार्यक्रमअन्तर्गत कक्षा १—३ मा आधारभूत तहको पाठ्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरिएको छ। त्यसैगरी कक्षा ४—८ र कक्षा ९—१२ लाई दुईवटा समूहमा विभाजन गरी सीपमा आधारित पाठ्यक्रम मार्गदर्शन तयार गरिएको छ। यसले विद्यालय शिक्षालाई अझ बढी व्यवहारिक, उत्पादनमुखी, अनुसन्धानमुखी र जीवनोपयोगी बनाउने अपेक्षा गरिएको छ।

विशेषतः "उद्यम सदन", "कृषि सदन", "ललितकला सदन" र "STEAM सदन" गरी चारवटा आधार स्तम्भमार्फत यस पाठ्यक्रमको संरचना निर्माण गरिएको छ। कृषि सदनले बालबालिकालाई नर्सरी व्यवस्थापन, उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा प्राकृतिक र रैथाने कृषिको संरक्षण र प्रवर्द्धनसँग जोड्नेछ। उद्यम सदनले स्थानीय उत्पादनलाई उद्यमशील सोच, नवप्रवर्तन र बजार व्यवस्थापनसँग जोड्दै स्वरोजगार र आर्थिक आत्मनिर्भरताको आधार निर्माण गर्नेछ। ललितकला सदनले स्थानीय कला, संस्कृति, परम्परा र सिर्जनशीलतालाई आधुनिक सन्दर्भसँग जोडेर बालबालिकाको सृजनात्मक क्षमताको विकास गर्नेछ। साथै STEAM सदनले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको एकीकृत प्रयोगमार्फत स्थानीय ज्ञान र सीपलाई विश्वव्यापी अवसरहरूसँग जोड्ने सेतुको भूमिका निर्वाह गर्नेछ।

यस महत्वपूर्ण पाठ्यक्रम मार्गदर्शन निर्माणका क्रममा अमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरू, शिक्षा क्षेत्रका विज्ञहरू, विद्यालय परिवार, अभिभावक तथा समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। विशेष गरी पाठ्यक्रम लेखन तथा विकास कार्यमा प्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण लेखक, प्राविधिक टोली तथा कार्यदलका सदस्यहरूप्रति हार्दिक आभार तथा सम्मान व्यक्त गर्दछु। यस अवधारणालाई व्यवहारमा उतार्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षा, युवा तथा खेलकुद शाखाप्रति पनि विशेष धन्यवाद ज्ञापन गर्दछु।

यस कार्यक्रमका वास्तविक कार्यान्वयनकर्ता हाम्रा शिक्षकहरू हुनुहुन्छ। शिक्षकहरूको सिर्जनशीलता, समर्पण र मेहनतले नै यस पाठ्यक्रमलाई जीवन्त बनाउनेछ। साथै अभिभावक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि तथा सम्पूर्ण समुदायले यसको अपनत्व ग्रहण गरी सहकार्य गर्नुभयो भने यो अभियान अझ प्रभावकारी, दिगो र रूपान्तरणकारी बन्ने विश्वास लिएको छु।

अन्त्यमा, "शिक्षामा सीप पाठ्यक्रम मार्गदर्शन" लिम्चुङबुङ गाउँपालिकाको शैक्षिक इतिहासमा एउटा महत्वपूर्ण कोशेढुङ्गा सावित होस्, यसले हाम्रा बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याओस् तथा समृद्ध लिम्चुङबुङ निर्माणको अभियानलाई थप ऊर्जा प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**पुष्पलाल राई**

गाउँपालिका अध्यक्ष

लिम्चुङबुङ गाउँपालिका, उदयपुर

## दुई शब्द

शिक्षा समाजको ऐना मात्र होइन, राष्ट्र निर्माणको आधार पनि हो। शिक्षा सार्वजनिक सम्पत्ति भएकाले यसको गुणस्तर, उपयोगिता र प्रभावकारिता सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो। नेपालको राष्ट्रिय पाठ्यक्रमले शिक्षालाई सीपसँग जोड्ने उद्देश्य लिएको भए तापनि व्यवहारिक कार्यान्वयनका पक्षमा अझै धेरै काम गर्नुपर्ने अवस्था विद्यमान छ। यही यथार्थलाई आत्मसात गर्दै लिम्चुङबुङ गाउँपालिकाले बालबालिकाको सिकाइलाई जीवनोपयोगी, व्यवहारिक र उत्पादनमुखी बनाउने उद्देश्यका साथ "शिक्षामा सीप" कार्यक्रम अन्तर्गत यो पाठ्यक्रम मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याएको छ। हाम्रो विश्वास छ'सिकाइ र सीप एकअर्काका परिपूरक पक्ष हुन्। सीपविहीन शिक्षा अपूर्ण हुन्छ भने शिक्षाविहीन सीप दीर्घकालीन रूपमा प्रभावकारी बन्न सक्दैन। त्यसैले बालबालिकालाई सानै उमेरदेखि सीप, कला, उद्यमशीलता र नवप्रवर्तनसँग जोड्नु आजको आवश्यकता हो।

कृषिको प्रचुर सम्भावना रहेको हाम्रो गाउँपालिकामा कृषि सदनमार्फत बालबालिकाले नर्सरी व्यवस्थापन, कृषि डिजाइन, उत्पादन, भण्डारण, बजारीकरण, उद्यमशीलता तथा व्यावसायिक सोचका आधारभूत ज्ञान र सीप हासिल गर्नेछन्। यसले कृषिलाई केवल परम्परागत पेशाका रूपमा नभई सम्मानित, आधुनिक र सम्भावनायुक्त व्यवसायका रूपमा बुझ्न सहयोग गर्नेछ।

त्यसैगरी उद्यम सदनले आयआर्जन, बचत, लगानी, उद्यमशील सोच तथा स्थानीय उत्पादनलाई बजारसँग जोड्ने सीप विकासमा योगदान पुऱ्याउनेछ। हामी केवल उपभोक्ता होइनौं, सृजनशील उत्पादक र उद्यमी नागरिक बन्न सक्छौं भन्ने आत्मविश्वास बालबालिकामा विकास गर्नु यस कार्यक्रमको महत्वपूर्ण लक्ष्य हो।

ललितकला सदनले स्थानीय कला, संस्कृति, भाषा, परम्परा र मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्दै "लोकल टु ग्लोबल" अवधारणालाई आत्मसात गर्नेछ। यसले हाम्रा मौलिक सम्पदालाई आधुनिक सन्दर्भसँग जोड्दै नयाँ पुस्तामा सिर्जनशीलता र सांस्कृतिक गर्वको भावना विकास गर्ने अपेक्षा गरिएको छ।

STEAM सदनमार्फत बालबालिकाले विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणितको एकीकृत प्रयोग गर्दै कृत्रिम बुद्धिमत्ता (AI), कम्प्युटिङ, डिजिटल नवप्रवर्तन, आविष्कार तथा स्थानीय ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्ने अवसर प्राप्त गर्नेछन्। यसले उनीहरूलाई भविष्यका चुनौती र अवसर सामना गर्न सक्षम बनाउनेछ।

यस कार्यक्रमको अर्को महत्वपूर्ण पक्ष भनेको समुदायमा रहेका ज्ञान, सीप, अनुभव र विज्ञतालाई विद्यालय शिक्षासँग जोड्ने "Community to School Interconnectedness" को अवधारणा हो। समुदाय र विद्यालयबीचको सहकार्यबाट सिकाइलाई अझ जीवन्त, सान्दर्भिक र विश्वस्तरीय बनाउन सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ।

गाउँपालिकाका ३४ वटा विद्यालयमा अध्ययनरत करिब २,२०० बालबालिकालाई सीप र सिकाइसँग जोड्ने अभियानमा कृषि सदन, उद्यम सदन, ललितकला सदन र STEAM सदन महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेछन् भन्ने पूर्ण विश्वास लिएको छु।

अन्त्यमा, यस पाठ्यक्रम मार्गदर्शन निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण लेखन समिति, विज्ञ, सरोकारवाला तथा सहयोगी महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै यस अभियानको नेतृत्वदायी भूमिका निर्वाह गर्ने शिक्षा शाखाप्रति विशेष आभार प्रकट गर्दछु। यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदायबाट निरन्तर सहयोग र समन्वय प्राप्त हुनेछ भन्ने अपेक्षा सहित यस कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**जय लिम्चुङबुङ।**

**सन्देश राई**

प्रमुख प्रशासकीय अधिकृत

लिम्चुङबुङ गाउँपालिका, उदयपुर

# शुभकामना मन्तव्य

शिक्षा केवल परीक्षा उत्तीर्ण गर्ने माध्यम होइन, जीवनलाई सक्षम, सिर्जनशील, आत्मनिर्भर र जिम्मेवार बनाउने आधार हो। आजको समयले बालबालिकालाई केवल पुस्तकको ज्ञान मात्र होइन, व्यवहारिक सीप, सिर्जनशीलता, समस्या समाधान गर्ने क्षमता र उद्यमशील सोच पनि आवश्यक बनाएको छ। यही आवश्यकतालाई मध्यनजर गर्दै लिम्चुङबुङ गाउँपालिकाले **"ज्ञान र सीपका उज्याला पाइला"** अभियानअन्तर्गत **"शिक्षामा सीप" पाठ्यक्रम मार्गदर्शन** तयार गरी कार्यान्वयनमा ल्याएको छ।

लिम्चुङबुङ गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा स्थानीय स्रोत साधनले सम्पन्न क्षेत्र हो। यहाँ उपलब्ध कृषि, वन, जैविक विविधता, कला, संस्कृति, परम्परागत ज्ञान तथा स्थानीय सीपलाई विद्यालय शिक्षासँग जोड्दै बालबालिकालाई सिकाइसँगै जीवनोपयोगी सीप विकास गराउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। स्थानीय सामग्रीको प्रयोग गर्दै सिक्ने, गरेर सिक्ने र उत्पादनसँग जोडिने शिक्षा नै यस पाठ्यक्रमको मूल आधार हो।

नेपालको संविधान, पन्ध्रौं तथा सोह्रौं योजनाका लक्ष्यहरू, राष्ट्रिय शिक्षा नीति तथा विद्यालय शिक्षासम्बन्धी नीतिहरूले पनि शिक्षामा सीप, उद्यमशीलता र उत्पादनमुखी शिक्षालाई विशेष महत्व दिएका छन्। विद्यालय पाठ्यक्रममा ज्ञान सीप अभिवृति विकासका विषय समावेश भए पनि सिपको (Hard skill and Soft skill) व्यवहारिक कार्यान्वयन अपेक्षाअनुसार हुन सकेको छैन। यही खाडललाई कम गर्दै विद्यालयमा सीपमूलक सिकाइलाई प्रभावकारी बनाउने विश्वासका साथ यो पाठ्यक्रम मार्गदर्शन तयार गरिएको हो।

हालको मूल्याङ्कन प्रणालीअनुसार कक्षा ६ देखि ८ सम्म ५० प्रतिशत र कक्षा ९ देखि १२ सम्म २५ प्रतिशत आन्तरिक मूल्याङ्कन प्रयोगात्मक, परियोजना तथा सिर्जनात्मक कार्यमा आधारित रहेको व्यवस्था छ। यस व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न यो पाठ्यक्रम मार्गदर्शन कोशेढुङ्गा साबित हुनेछ भन्ने विश्वास लिएको छु।

यस मार्गदर्शनमार्फत **कृषि सदन, उद्यम सदन, ललितकला सदन र STEAM सदन** गरी चारवटा सदन सञ्चालन गरिनेछन्। यी सदनहरूले स्थानीय ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्दै विद्यार्थीमा सीप, उत्पादन, नवप्रवर्तन, उद्यमशीलता र नेतृत्व क्षमता विकास गर्न महत्वपूर्ण भूमिका खेल्नेछन्। उत्पादनदेखि बजारीकरण, रोजगारी र स्वरोजगारसम्मको यात्रामा विद्यार्थीलाई तयार पार्दै समृद्ध समाज र समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउने हाम्रो लक्ष्य रहेको छ।

गाउँपालिकामा शैक्षिक जनशक्तिको सीमितता रहेको अवस्थामा समुदायमा रहेका दक्ष किसान, उद्यमी, कलाकार, प्राविधिक, ज्येष्ठ नागरिक तथा विभिन्न क्षेत्रका विज्ञहरूको ज्ञान र अनुभवलाई विद्यालयसँग जोड्ने **Community Wisdom** को अवधारणाले विद्यालय र समुदायबीचको सहकार्यलाई अझ सुदृढ बनाउने विश्वास लिएको छु।

यो पाठ्यक्रम मार्गदर्शन निर्माणका क्रममा महत्वपूर्ण सुझाव, सहयोग र सहकार्य गर्नुहुने सम्माननीय गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, शिक्षा समितिका पदाधिकारीहरू, लेखक कार्यदल, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

लिम्चुङबुङ गाउँपालिकाका सबै विद्यालयमा यो पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन भई प्रत्येक विद्यार्थी ज्ञानसँगै सीपयुक्त, सिर्जनशील, उत्पादनमुखी र आत्मनिर्भर नागरिकका रूपमा विकसित हुनेछन् भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु। यस अभियानको सफलताका लागि सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय तथा सरोकारवालाको निरन्तर साथ, सहयोग र अपनत्व रहने अपेक्षा गर्दछु।

**धन्यवाद।**

**गोविन्द कार्की**
प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
लिम्चुङबुङ गाउँपालिका, उदयपुर

परिचय
लक्ष्य
उद्देश्य
पाठ्यक्रम मार्गदर्शन
तालिम अवधि
लक्षित समूह
लक्षित स्थान
विद्यार्थी संख्या
प्रशिक्षणको भाषा
विद्यार्थी उपस्थिति
प्रशिक्षकको योग्यता
प्रशिक्षक-विद्यार्थीको अनुपात.प्रशिक्षण विधि
विद्यार्थी मूल्यांकन
प्रमाण-पत्र प्रदान
प्रशिक्षण सम्बन्धी सुझाव
क्यारियर परामर्श पाठ्यक्रम
पाठ्यक्रम संरचना
मोड्युल १: परिचय
मोड्युल २ : नर्सरी व्यवस्थापन
मोड्युल ३: ग्रामिण खेती
मोड्युल ४: बाली तथा फलफुल उत्पादन
औजार, उपकरण तथा सामग्रीहरू

**परिचय :**

यो पाठ्यक्रम मार्गदर्शनमा कृषि र ग्रामीण खेती (Agriculture and Rural Farming) सम्वन्धी ज्ञान तथा सिपहरू समावेश गरिएको छ। यस पाठ्यक्रमले बिद्यार्थीहरूलाई व्यक्तिगत एबम् औजार, उपकरण तथा सामग्रीहरुको सुरक्षालाई पहिलो प्राथमिकता दिएर प्रयोगात्मक अभ्यासमार्फत सीप प्राप्त गर्न र दक्ष हुन मार्ग निर्देशन प्रदान गर्दछ।

**लक्ष्य:**

कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरुलाई उनीहरूलाई अभिरुची भएको बिषयसँग सम्बन्धित आधारभूत सीपहरू प्रदान गर्न।

**उद्देश्य:**

यस पाठ्यक्रममा आधारित रहेर सञ्चालित तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेपछि विद्यार्थीहरुले व्यक्तिगत, औजार उपकरण र कार्यस्थलको सुरक्षा नियमहरू समेत पालना गरेर निम्न कार्यहरू गर्न सक्नेछन् :

- नर्सरी व्यवस्थापन Nursery Management
- बाली तथा फलफुल उत्पादन Crop and Fruits Production
- रैथाने बाली उत्पादन तथा नगदे बाली उत्पादन

**पाठ्यक्रमको वर्णन:**

यो पाठ्यक्रम कृषि र ग्रामिण खेती (Agriculture and Rural Farming)सँग सम्बन्धित कार्यहरुमा आधारित छ र उक्त कार्यहरुलाई बिभिन्न मोड्युलहरूमा समावेश गरिएको छ (पाठ्य संरचना हेर्नुहोस्)।

**तालिम अवधि:**

१०० घण्टा

**लक्षित समूह:**

कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरू

**लक्षित स्थान:**

विद्यालय

**विद्यार्थी संख्या:**

एक समूहमा अधिकतम २० जना

**प्रशिक्षणको भाषा:**

प्रशिक्षणको प्रमुख भाषा नेपाली हुनेछ यद्यपि छलफल स्थानीय भाषामा र प्राबिधिक शब्दाबलीहरू (Technical Terminologies) अंग्रेजीमा उल्लेख हुन सक्नेछन् ।

**विद्यार्थी उपस्थिति:**

सिकाई अबधिभर बिद्यार्थीको उपस्थिति प्रत्येक मोड्युलमा कम्तीमा ९०% पुगेको हुनु पर्नेछ ।

**प्रशिक्षकको योग्यता:**

कार्यक्रम सञ्चालनका लागि सम्बन्धित विषयका योग्य प्रशिक्षकको ब्यबस्था गरिनेछ र प्रशिक्षकने योग्यता यस प्रकार हुनेछ ।

- मान्यता प्राप्त निकायबाट सम्बन्धित विषयको स्नातक तह उत्तीर्ण प्रशिक्षकबाट कम्तिमा एक हप्ते तालिम प्राप्त सदननायक शिक्षक । (आवश्यकता अनुसार कृषि प्राविधिकहरूबाट प्रशिक्षण लिने/ दिने )

**प्रशिक्षक-विद्यार्थीको अनुपात:**

- प्रयोगात्मक कक्षाको लागि अनुपात १:१०
- सैद्धान्तिक कक्षा लागि अनुपात १:२०

**प्रशिक्षण विधि:**

यस पाठ्यक्रममा आधारित रहेर तालिम सञ्चालन गर्दा प्रशिक्षणको क्रममा उदाहरणयुक्त व्याख्या, छलफल, प्रदर्शन, समूह कार्य, अभ्यास लगायत नविनतम शिक्षण बिधिहरू प्रयोग गरिनेछ ।

**विद्यार्थी मूल्याकन:**

- विद्यार्थीहरूले प्राप्त गरेको सिपको मूल्याङ्कन सम्वन्धित प्रशिक्षकले नियमित रुपमा गर्नुपर्नेछ ।

**प्रशिक्षण सम्बन्धी सुझाव:**

१. प्रशिक्षण पूर्व पाठ्यक्रम मार्गदर्शन पूर्ण रुपमा अध्ययन गरी पाठयोजना तयार गर्ने, गराउने ।
२. प्रश्न उत्तर सत्र (Question Answer session) को व्यवस्था गर्ने ।
३. ७० प्रतिशत समय अभ्यासको लागि छुट्याउने ।
४. पाठ्यक्रमको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउने ।
५. विद्यार्थी स्पष्ट नहुन्जेलसम्म प्रशिक्षकले सैद्धान्तिक विषयबस्तुलाई प्रभावकारी ढङ्गबाट प्रशिक्षण गर्ने र सीप प्रर्दशन गर्ने ।
६. सिकारुलाई सीप अभ्यास गर्नु पूर्व व्यक्तिगत स्वास्थ्य तथा सुरक्षा, औजार, उपकरण प्रयोग तथा सुरक्षा अनिवार्य र सुनिश्चित गर्ने, गराउने ।
७. पर्याप्त अभ्यास गराउने र विद्यार्थीलाई अन्तरक्रिया गर्न प्रोत्साहित गर्ने ।
८. विद्यार्थी केन्द्रित सिकाइ पद्धति अबलम्बन गर्ने ।

९. विद्यार्थीहरुलाई पर्याप्त सिकाइ सामग्रीहरू उपलब्ध गराउने ।
१०.प्रशिक्षण तथा अभ्यासको समयमा हर समय प्रशिक्षक उपलब्ध हुने ।
११.विद्यार्थीहरुलाइ नियमित उपस्थितिको लागि प्रोत्साहन गर्ने र उनीहरूको हाजिरि अभिलेख राख्ने ।
१२.सिकारुले सीप सिकाइको क्रममा उत्पादन गरेको बस्तु भए त्यसको मूल्याङ्कन गर्ने, गराउने ।
१३.तालिममा स्रोत साधनको उचित सदुपयोग गर्ने र मितव्ययी तबरले अभ्यास गराउने ।

**पाठ्यक्रम मार्गदर्शनको संक्षिप्त लक्षित विवरण**

| |
|---|
| **विवरण (Descripation) :** तालिम सुरू हुनु भन्दा अगाबै यो पाठ्यक्रम मार्गदर्शनको आधारमा रहेर प्रशिक्षार्थीहरूलाई कृषि र ग्रामिण खेतीको सीप, यसको सिर्जनशीलता र अध्ययनको बारेमा बास्तबिक जानकारी प्रदान गरिनेछ। यस पाठ्यक्रमको प्रमुख उद्देश्य भनेको नयाँ प्रशिक्षार्थीहरुलाई कृषि र ग्रामिण खेती सम्बन्धि सिप , कला वा क्षेत्रमा बारेमा जानकारी दिई उनीहरुमा उत्ता बिषय प्रति थप रोचकता प्रदान गर्नु हो । |
| **परिणाम (Outcome):** यस पाठ्यक्रममा निहित रहेर क्यारियर परामर्श दिईसके पछि प्रशिक्षार्थीहरूले सिप सँग सम्बन्धित बिभिन्न क्षेत्रहरु र उनीहरूको महत्व बारेमा जानकारी प्राप्त गरेको हुनेछन् । साथै, यो पाठ्यक्रमले उनीहरुलाई यस क्षेत्रमामा करियर जनाउने लागि अवसरहरु अन्वेषण गर्न, आवश्यक कुशलता र गुणधर्महरूको बिकास गर्न मद्दत गर्दछ । |
| **निर्देशनहरू (Direction) :**<br>यो सत्रमा एक पटकमा २० भन्दा ऊम विद्यार्थीहरुको हुनुपर्छ। यदि विद्यार्थी सख्या बढी छ भने तिनीहरूलाई बिभिन्न समूहहरूमा बिभाजन गर्न सकिन्छ ।<br>सबै विद्यार्थीहरुको समान सहभागिता हुने किसिमले Practical activities गराउनु पर्नेछ । |
| **समय (Duration) :** २४ घण्टा |

| सत्र र विषयहरू | कार्य र गतिविधिहरू | समय अवधि |
|---|---|---|
| **सत्र १ : कृषि र ग्रामिण खेतीको परिचय** | **१. आइसब्रेकर गतिविधि (५ मिनेट)**<br>• आफ्नो परिचय दिए कार्यक्रम सुरु गर्नुहोस् र बिद्यार्थीहरुलाई पनि आफ्नो परिचय उनीहरूको नाम साथसाथै उनीहरु मध्ये कसकसले घरको करेसाबारीमा वा अन्य खालि जमिनमा सागसब्जी तथा फलफूलहरु रोप्ने कामहरु गरेका छन् भनि सोध्नुहोस् ।<br>**२. कृषि र ग्रामिण खेती के हो ? (१० मिनेट)**<br>• कृषि र ग्रामिण खेतीको एक overview दिने ।<br>• विद्यार्थीहरुलाई यस सिप सिक्नाले उनीहरुको दैनिक जिबनमा कसरी मद्दत पुग्छ र भविष्यमा उनीहरुको रुची भएमा के कस्तो क्यारियर मार्गहरू छन् त्यसको बारेमा बताउने । | १५ मिनेट |

| | | |
|---|---|---|
| | • कसरी कृषि र ग्रामीण खेती रचनात्मकता, प्राविधिकसीप, र व्यापार ज्ञानको संयोजन हो भनेर व्याख्या गर्ने ।<br>**३. किन कृषि र सहरी खेती ? (१० मिनेट)**<br>• कृषि र ग्रामिण खेतीको सिप र क्यारियरमा जाने फाइदाहरू जस्तै कामको सन्तुष्टि, क्यारियर उन्नति अवसरहरू, र रचनात्मकता सिप प्रस्तुत गर्ने क्षमता बारे छलफल गर्ने ।<br>• केटा होस् या केटी, दैनिक जिवनमा कस्तो कस्तो ठाउँमा यो सीप प्रयोग हुन सक्छ बताउने ।<br>• कृषि र ग्रामिण खेतीमा राम्रो करियर बनाएका मानिसहरूका केही सफलताका कथाहरू प्रस्तुत गर्ने ।<br>**४. सिप र कौशल (१० मिनेट)**<br>• कृषि र ग्रामिण खेती सिक्न र यसमा सफल सफल हुनको लागि आवश्यक सिपहरूको बारेमा विद्यार्थीहरुलाई सुनाउने ।<br>• विद्यार्थीहरुलाई उनीहरूको आफ्नै क्षमताहरू र उनीहरूले यी सीपहरू कसरी बिकास गर्न सक्छन् भन्ने बारे सोच्न प्रोत्साहन दिने ।<br>**५. करियर मार्ग (Career Pathways) (१० मिनेट)**<br>• कृषि र ग्रामिण खेती सिकेर भविष्यमा खुल्न सक्ने नया रोजगारी तथा उधम जस्तै को बारेमा जानकारी दिने ।<br>• प्रत्येक मार्गको लागि शैक्षिक र प्रशिक्षण आवश्यकताहरुको बारेमा छलफल गर्ने ।<br>**६. प्रश्नोत्तर सत्र (५ मिनेट)**<br>• विद्यार्थीहरुलाई प्रश्नहरु तिनीहरुसँग हुन सक्ने कुनै पनि शंकाहरू स्पष्ट गर्न समय दिने । | |
| सत्र २: व्यावहारिक क्रियाकलापहरु | **१. Soil Testing गर्ने प्रदर्शन (३० मिनेट)**<br>• साधारण प्रक्रिया पुरा गरेर soil testing गरेर प्रशिक्षार्थीहर बीच प्रदर्शन गर्ने । यस गतिविधिले विद्यार्थीहरूलाई कृषि र ग्रामिण खेतीका लागि माटो परीक्षणको महत्व बुझ्न मद्दत गर्नेछ । यसका लागि तल निर्देशनहरु दिईएको छ ।<br>• प्रयोग भएका उपकरणहरू र त्यसको सही प्रयोग, सावधानी र सुरक्षाको महत्वको बारेमा व्याख्या गर्ने ।<br>**२. ह्यान्ड्स अन टेस्टीङ्ग (Hands-on-Testing) ( ४५ मिनेट)** | १ घण्टा १५ मिनेट |

| | | |
|---|---|---|
| | • विद्यार्थीहरुलाई साना समूहहरूमा विभाजन गरि तिनीहरूलाई माथि सिकाईएको कार्य गर्न आधारभूत सामाग्रीहरू र उपकरणहरू प्रदान गर्ने ।<br>• तिनीहरुलाई पहिले प्रदर्शन गरिएको / सिकाइएका कार्य तयार गर्न लगाउने ।<br>• विद्यार्थीहरूलाई ग्रुपको रुपमा काम गर्न, Safety protocals follow गर्न, र जिज्ञाशु भएर questions गर्ने जस्ता रचनात्मकता क्रियाकलाप गराउने र गर्न प्रोत्साहन दिने । | |
| सत्र ३: समापन | **१. Reflection (१० मिनेट)**<br>• विद्यार्थीहरुलाई उनीहरूले यो दुई घन्टामा के सिकेका छन् र यसले उनीहरूको रुचिलाई कसरी प्रभाव परेको छ भनेर reflection गर्न लगाउने ।<br>• उनीहरूलाई कृषि र ग्रामीण खेती सिप र उद्योगमा क्यारियर बनाउने बारेमा कुनै पनि विचारहरू share गर्न प्रोत्साहन गर्ने ।<br>**२. प्रतिक्रिया (Feedback) (५ मिनेट)**<br>• यस session र भविष्यमा यसलाई सुधार गर्ने तरिकाहरूको बारेमा विद्यार्थीहरु सँग प्रतिक्रिया लिने । | १५ मिनेट |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

Soil samples from different locations (such as home garden, community garden, park, or school ground), Clear plastic cups or jars, Distilled water, Vinegar, Baking soda, pH testing kit (available at gardening stores), Measuring spoons, Soil testing kit box.

**निर्देशनहरू (Directions)**

१. कृषि र सहरी खेतीका लागि माटो परीक्षणको महत्व र यसले माटोको पोषक तत्व र pH स्तर निर्धारण गर्न कसरि मद्दत गर्न सक्छ भनेर ब्याख्या गर्ने ।
२. फरक स्थानबाट माटोको नमूना दिने र कप वा जारमा भर्ने ।
३. हल्का ओसिलो नभए सम्म माटोमा डिस्टिल्ड पानी थप्ने ।
४. माटोमा थोरै vinegar राख्ने । यदि यो फिंज हुन्छ भने, यसको मतलन माटो क्षारिय (आधारभूत) छ ।
५. अब माटोमा baking soda राख्ने । यदि यो फिंज हुन्छ भने, यसको मतलब माटो अम्लीय छ ।
६. माटोको नमूनाको pH स्तर निर्धारण गर्न र परिणामहरू रेकर्ड गर्न pH परीक्षण किट प्रयोग गर्ने ।
७. बिरुवाको वृद्धिको लागि pH स्तर र पोषक तत्वहरुको महत्व र कृषि र शहरी खेतीका लागि प्रभावहरू बारे विद्यार्थीहरूसँग छलफल गर्ने ।

**सुरक्षा सावधानी (Safety Precautions)**

- व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने ।
- कार्यस्थल साथै उपकरण औजार तथा सामग्रीहरूको सुरक्षा सुनिश्चित गर्ने ।
- तिखा तथा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने ।

# पाठ्यक्रम मार्गदर्शन संरचना (Curriculum Structure)

| | |
|---|---|
| **सीपमूलक तालिमको नाम :** कृषि र ग्रामिण खेती | |
| **समय (Duration) :** सैद्धान्तिक २६.५ घण्टा +व्यावहारिक ६३.५ घण्टा = ९० घण्टा | |

| मोड्युल | शिर्षक | स्वभाव | सैद्धान्तिक | व्यावहारिक | जम्मा |
|---|---|---|---|---|---|
| मोड्युल १ | परिचय | सै | १६.० | - | १६ |
| मोड्युल २ | नर्सरी व्यवस्थापन | सै +व्य | ३.० | १२ | १५ |
| मोड्युल ३ | ग्रामीण खेती | सै +व्य | ३.० | २५ | २८ |
| मोड्युल ४ | बाली तथा फलफूल उत्पादन | सै +व्य | ४.० | २० | २४ |
| मोड्युल ५ | रैथाने खेती र नगदे वाली | सै +व्या | ४.० | १३ | १७ |
| जम्मा | | | ३० | ७० | १०० |

## मोड्युल १: परिचय (Introduction)

**विवरण (Description):** यस मोड्युलमा पेशाको विषयमा र गर्नपर्ने कार्यहरूको संक्षिप्त जानकारी, पेशाको मर्यादा, पेशामा रहेर"गर्न हुने" र "गर्न नहुने" कार्यहरू र प्रयोग हुने आवश्यक औजार, उपकरण तथा सामग्रीहरू साथै प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय र पहिचान, व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग, कार्यस्थलको सरसफाई र सुरक्षा, औजार र उपकरणको सुरक्षा, कार्यस्थलको फोहर व्यवस्थापन सम्बन्धी विषयवस्तु समावेश गरिएका छन्।

**मोड्युल परिणाम (Module Outcome):** यस मोड्युल पूरा भएपछि विद्यार्थीहरू पेशाको विषयमा र गर्नपर्ने कार्यहरूको संक्षिप्त जानकारी, पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरू र प्रयोग हुने आवश्यक औजार, उपकरण तथा सामग्रीहरू साथै प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय र पहिचान, व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग, कार्यस्थलको सरसफाई र सुरक्षा, औजार र उपकरणको सुरक्षा, कार्यस्थलको फोहर व्यवस्थापन सम्बन्धी विषयवस्तुमा जानकार हुनेछन्।

**विषयबस्तुः**

१. पेशाको पृष्ठभूमी, परिभाषा, कार्यक्षेत्र, महत्व र सम्भावनाबारे जानकारी।
२. पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरूको बारेमा जानकारी।
३. पेशा अन्तर्गत गरिने कार्यहरूको बारेमा संक्षिप्त जानकारी।
४. प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय र पहिचान
५. व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग
६. कार्यस्थलको सरसफाई र सुरक्षा

| |
|---|
| ७. औजार र उपकरणको सुरक्षा<br>८. कार्यस्थलको फोहर व्यवस्थापन, Separation in 3R (Reduce, Reuse and Recycle) Principle<br>९. Crop Calendar तयार पार्ने।<br>१०. Rural farming सम्बन्धि जानकारी<br>११. बिरुवाहरुको हेरचाह र किराहरुको पहिचान कसरी गर्ने सम्बन्धी जानकारी दिने जस अन्तर्गत Collection, crop rotation, mixed cropping, Traps (light, pheromone, जैविक बिषादी), Sticky tral etc.<br>१२. माटो तथा मल व्यवस्थापन (माटोको type, माटो कसरी चिन्ने, organic matter को मापन, Soil microorganism, Soil Solarization, कम्पोष्ट मल तयार गर्ने विधि, गोठ मल तयार गर्ने विधि भर्मी (गड्यौला) मल तयार गर्ने विधि र मल हाल्ने विधि)<br>१३. सिँचाई तथा निकास व्यवस्थापन (Greywater, को प्रयोग, Rainwater Harvesting) |
| **समय (Duration):** १६ घण्टा |

**मोड्युल २ : नर्सरी व्यवस्थापन (Nursery Management)**

| |
|---|
| **विवरण (Description):** यस मोड्युलमा नर्सरी लेआउट गर्ने, नर्सरी बेड तयार गर्ने, विउ छर्ने, कटिङ्ङ्ग गर्ने, नर्सरीको हेरचाह गर्ने कार्यहरूसँग सम्बन्धी ज्ञान र सीपहरू समावेश गरिएका छन्। |
| **मोड्युल परिणाम (Module Outcome):** यस मोड्युल पूरा भएपछि विद्यार्थीहरू नर्सरी लेआउट गर्न, नर्सरी वेड तयारगर्न, बिउ छर्न, कटिङ्ग गर्न, एयर लेवरीङ्ग विधिले विरुवा प्रसारण गर्न, टि बडिड्ङ्ग गर्न, साइड ग्राफ्टिङ्ग गर्न, नर्सरीको हेरचाह गर्न सक्षम हुनेछन् । |
| **कार्यहरू:**<br>१. नर्सरी लेआउट गर्ने Layout Nursery<br>२. नर्सरी बेड तयार गर्ने Prepare Nursery Bed (Using soil)<br>३. नर्सरी वेड तयार गर्ने Prepare Nursery Bed (Using Media)<br>४. बीउ छर्ने (Sow seed) - Nursery media तयार गर्ने<br>५. कटिङ्ग गर्ने Perform Cutting<br>६. नर्सरीको हेरचाह गर्ने Care and management of Nursery |
| **समय (Duration):** सैद्धान्तिक ३ घण्टा, व्यावहारिक १२ घण्टा १५ घण्टा |

| |
|---|
| **Module**: नर्सरी व्यवस्थापन Nursery Management<br>**Task 1:** नर्सरी लेआउट गर्ने। Layout Nursery |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा, व्यावहारिक २ घण्टा २.५ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य(Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|

| | | |
|---|---|---|
| १. आवश्यक जानकारी लिने<br>२. कार्य स्थल छनोट गर्ने।<br>३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने वा लगाउने।<br>४. आवश्यकता अनुसार औजार तथा उपकरण र सामग्रीहरू संकलन गर्ने।<br>५. कागजमा स्केच तयार गर्नी<br>६. स्केच अनुसार लेआउट गरिने जग्गा यकिन गरी चिन्ह लगाउने।<br>७. चिन्ह लगाएको ठाँउमा किला (peg) गाड्ने ।<br>८. बाटो छुट्याई चिन्ह लगाउने<br>९. सिंचाई र निकासको लागि चिन्ह लगाई जग्गा छुट्याउने ।<br>१०. स्टोर क्षेत्र छुट्याई चिन्ह लगाउने ।<br>११. तरकारी, अन्नवाली र फलफुल ब्लक छुट्याउने ।<br>१२. कम्पोष्टमल बनाउने क्षेत्रफल छुट्याउने ।<br>१३. स्टोर ब्लक, पार्किङ्ग ब्लक र आवास ब्लक छुट्याउने ।<br>१४. कार्य सम्पन्न भएपछि कार्य स्थल सफा गर्ने ।<br>१५. उपकरण तथा औजारहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने<br>१६. कार्य सम्पादन अभिलेख राख्ने । | **अवस्था (Condition):**<br>कार्यस्थल/Nursery Area<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी लेआउट गर्ने Layout Nursery<br><br>**मानक (Standard):**<br>• नर्सरीको स्केच तयार गरी सोही बमोजिम फिल्डमा लेआउट गरेको ।<br>• स्केच अनुसार चिन्ह लगाई किला (Peg) गाडेको<br>• तोकिए बमोजिमको ब्लक, बाटो, सिंचाई र निकासको लागी ठाउ एकिन गरिएको ।<br>• कार्य सम्पादन अभिलेख राखिएको । | **नर्सरी स्थान छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु**<br><br>**नर्सरी लेआउटः**<br>• परिचय<br>• प्रकार र महत्व<br>• विधि<br>• ध्यान दिनुपर्ने कुराहरू<br>**स्केचः**<br>• परिचय<br>• विधि<br>**ब्लकः**<br>• परिचय<br>• प्रकार<br>• विधि र ब्लक छुट्याउदा ध्यान दिनुपर्ने कुराहरु |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

काठका किला (पेग), डोरी, नाप्ने फित्ता, हथौडा, खुर्पा, खाली ट्याग, स्केच प्याड, पेन्सिल/कलम, पर्मानेट मार्कर

**सुरक्षा सावधानी (Safety Precautions)**

- कार्यस्थल, औजार तथा उपकरण साथै सामग्रीहरूको सुरक्षा सुनिश्चित गर्ने।
- व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने।
- तिखा तथा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने ।

| Module: नर्सरी व्यवस्थापन Nursary Management<br>Task 2: नर्सरी व्याड तयार गनी Prepare Nursery Bed (Using Soil) |
|---|
| समय (Duration): सैद्धान्तिक ०.५ घण्टा व्यावहारिक २ घण्टा २०५ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य(Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. कार्य स्थल छनोट गर्ने ।<br>३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणडरू प्रयोग गर्ने वा लगाउने ।<br>४. आवश्यकता अनुसार औजार तथा उपकरण र सामग्रीहरू संकलन गर्ने ।<br>५. ब्याडको लागि रेखाङ्कन भएको जग्गाको यकिन गर्ने ।<br>६. यकिन भएको जग्गामा अनावश्यक वस्तुहरू भए इटाउने ।<br>७. ब्याडको साइज १ मिटर चौडाई, २ मिटर वा आवश्यकता अनुसारको लम्बाई बनाउन नापेर चिन्ह लगाई चारै पट्टी किला गाड्ने ।<br>८. बेडमा खनजोत गर्ने ।<br>९. व्याडमा मलखारको अनुपात मिलाएर हाल्ने ।<br>१०. बेडको साइडको माटोले जमिन भन्दा करिव १५ से मी अग्लो हुने गरी ब्याड मिलाउने ।<br>११. मल माटो मिलाई माटो बुरबुराउँदो र खुकुलो जनाउने ।<br>१२. बेडको सम्याउने । | **अवस्था (Condition):**<br>• कार्यस्थल<br>• बेडको लागि रेखाङ्कन भएको जग्गा/क्षेत्र<br>• मलखादको अनुपात<br>• व्याडको किसीम<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी ब्याड तयार गर्ने Prepare Nursery Bed (Using Soil)<br><br>**मानक (Standard):**<br>• नर्सरीको लागि यकिन भएको जग्गा मलिलो, घाम लाग्ने र पानी नजम्ने भएको<br>• दिइएको बेडको किसिम अनुसाय तयार गरेको ।<br>• बेडको लम्बाई र चौडाईको अनुपात मिलेको ।<br>• मलखादको अनुपात मिलेको ।<br>• मल मिलाएको माटो बुरबुराउँदो र खुकुको भएको ।<br>• बेडसम्याइएको<br>• कार्य सम्पादन अभिलेख राखिएको । | **नर्सरी ब्याड :**<br>• परिचय<br>• प्रकार<br>• आवश्यकता<br>• विधि<br>• ध्यान दिनुपर्ने कुराहरू<br>**मलखादः**<br>• परिचय<br>• प्रकार<br>• अनुपात<br>• मलखाद अनुपात मिलाउदा ध्यान दिनुपर्ने कुराहरू |

| | | |
|---|---|---|
| १३. कार्य सम्पन्न भएपछि कार्य स्थल सफा गर्ने ।<br>१४. उपकरण तथा औजारहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने<br>१५. कार्य सम्पादन अभिलेख राख्ने । | | |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

नाप्ने फित्ता, कोदालो, साबेल, डोरी, किला, खुर्पा, माटो छान्ने जाली, मलखाद (मल), माटो बालुवा

**सुरक्षा सावधानी (Safety Precautions)**

कार्यस्थल, औजार तथा उपकरण साथै सामग्रीहरूको सुरक्षा सुनिश्चित गर्ने ।

व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने

तिखा तथा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने ।

| |
|---|
| **Module:** नर्सरी व्यवस्थापन Nursary Management<br>**Task 3:** नर्सरी ब्याड तयार गर्ने Prepare Nursery Bed (Using Media) |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा व्यावहारिक १.५ घण्टा = २.० घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य(Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. कार्य स्थल छनोट गर्ने ।<br>३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने वा लगाउने ।<br>४. आवश्यकता अनुसार औजार तथा उपकरण र सामग्रीहरू संकलन गर्ने<br>५. नर्सरी ट्रेलाई निर्मलीकरण गर्ने ।<br>६. Cocopeat/Peat moss लाई १ घण्टा (१ के जी मा २ लिटर पानी हालेर) भिजाउने । | **अवस्था (Condition):**<br>आवस्क सामाग्रीहरुको उपलब्धता<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी बेड तयार गर्ने। Prepare Nursery Bed (Using Media)<br><br>**मानक (Standard):**<br>• Cocopeat र कम्पोष्ट मल बराबर मात्राले मिसीएको ।<br>• ट्रे पुर्ण रुपले भरिएको ।<br>• मिडियामा चिस्यान कायम भएको | **नर्सरी (Using Media) :**<br>• परिचय<br>• महत्व<br>• विधि<br>• ध्यान दिनुपर्ने कुराहरू |

| | | |
|---|---|---|
| ७. कम्पोष्ट मल र भिजाएको Cocopeat लाई बराबर मात्रामा मिसाउने ।<br>८. मिसाएको मिडीयालाई नर्सरी ट्रेमा भर्ने<br>९. मिडीया भरेको ट्रेमा १/१ ओटा बीउ रोप्ने<br>१०. Cocopeat/ tray भिज्ने गरी सिचाई गर्ने ।<br>११. ट्रेलाई प्लास्टीक घर वा गुमोज भित्र राख्ने ।<br>१२. कार्य सम्पन्न भएपछि कार्य स्थल सफा गर्ने ।<br>१३. उपकरण तथा औजारहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने<br>१४. कार्य सम्पादन अभिलेख राख्ने । | • कम्पोष्टमा पानीको मात्रा ठिक्क भएको ।<br>• कार्य सम्पादन अभिलेख राखिएको । | |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

नर्सरी ट्रे, Cocopeat, Peat moss, compost मल, PPE, बीउ, पानी, हजारी

**सुरक्षा सावधानी (Safety Precautions)**

- कार्यस्थल, औजार तथा उपकरण साथै सामग्रीहरूको सुरक्षा सुनिशित गर्ने।
- व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने

| |
|---|
| **Module:** नर्सरी व्यवस्थापन Nursery Management<br>**Task 4:** विउ छर्ने । Sow Seeds |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक १.५ घण्टा २.० घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य(Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. आवश्यक जानकारी लिनी<br>२. कार्य स्थल छनोट गर्ने । | **अबस्था (Condition):**<br>• कार्यस्थल<br>• तयारी नर्सरी बेड | **बिउः**<br>• परिचय<br>• महत्व |

| | | |
|---|---|---|
| ३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने वा लगाउने ।<br>४. आवश्यकता अनुसार औजार तथा उपकरण र सामग्रीहरू संकलन गर्ने ।<br>५. तयार भएको बेडको यकिन गर्ने ।<br>६. बीउ अनुसार दुरी र गहिराई कायम गरी लाइन<br>७. लाइनमा बिउ Countinuous Sowing गर्ने<br>८. बिउ छरे पछि धुलो माटोले विउ ढाक्ने ।<br>९. बेडमा mulching गर्ने<br>१०. Mulching पछि हजरिको सहायताले भिज्ने गरी पानी दिने।<br>११. कार्य सम्पन्न भएपछि कार्य स्थल सफा गर्ने ।<br>१२. उपकरण तथा औजारहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने ।<br>१३. कार्य सम्पादन अभिलेख राख्ने । | • विउको किसिम<br><br>**निर्दिष्ट कार्य (Task):**<br>• बिउ छर्ने Sow Seeds<br>**मानक (Standard):**<br>• ठिक बेडको छनौट भएको ।<br>• तयारी बेडमा एक नासले बिउ छरेको ।<br>• बिउ सतहमा नदेखिएको ।<br>• बेडमा mulching गरेको ।<br>• बेडमा सिंचाई भएको ।<br>• कार्य सम्पादन अभिलेख राखिएको | • प्रकार<br>• उपचार<br>• असल बिउमा हुनपर्ने गुणहरू<br>• बिउ छर्ने विधि (दुरी र गहिराइ)<br>• ध्यान दिनुपर्ने कुराहरू<br>• विउदर<br>**Mulching:**<br>• अवधारणा<br>• विधि |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

नाप्ने फित्ता, कुटो, डोरी, मल, बिउ, बाल्टीन, हजारी, Mulching materail

**सुरक्षा सावधानी (Safety Precautions)**

- कार्यस्थल, औजार तथा उपकरण साथै सामग्रीहरूको सुरक्षा सुनिश्चित गर्ने
- व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने ।
- तिखा तथा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने ।

| |
|---|
| **Module:** नर्सरी व्यवस्थापन Nursery Management<br>**Task 5 :** कटिङ्ग गर्ने । perform Cutting |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.५ घण्टा ३.० घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य(Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
| --- | --- | --- |
| १. आवश्यक जानकारी लिने<br>२. कार्य स्थल छनोट गर्ने ।<br>३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने वा लगाउने ।<br>४. आवश्यकता अनुसार औजार तथा उपकरण र सामग्रीहरू संकलन गर्ने ।<br>५. मलखाद प्रयोग गरेको तयारी नर्सरी यकिन गर्ने ।<br>६. नर्सरीको चारैतिर डिल उठाउने ।<br>७. नर्सरीमा १० सेन्टिमिटरको फरकमा २ देखि ३ सेन्टिमिटर गहिरो लाइन बनाउने ।<br>८. पेन्सील साइज भन्दा मोटा २ देखि ३ आख्ला भएका हाँगा लिने ।<br>९. हाँगाको जमीनमा गाड्ने भाग केही लामो र टुप्पोमा केही छोटो हुने गरी छड्के काट्ने ।<br>१०.काटिएको हाँगाको फेद भागमा वरिपरि Rootex लगाई, २ वटा नोड जमिन मुनी पर्ने गरि २०-२२ सेन्टिमिटर को फरकमा ६० डिग्रिको कोड बनाई रोप्ने ।<br>११.कटिङ्ग रोपेको वरीपरी माटो Press गर्ने ।<br>१२.कटिङ्ग भित्र मिलाएर Mulching गर्ने ।<br>१३.Mulching भएको नर्सरीमा हजारीले पानि दिने ।<br>१४. कार्य सम्पन्न भएपछि कार्य स्थल सफा गर्ने । | **अबस्था (Condition):**<br>● कार्यस्थल, माउबोट कटिङ्गको आवश्यक परिमाण<br><br>**निर्दिष्ट कार्य (Task):**<br>कटिङ्ग गर्ने Perform Cutting<br><br>**मानक (Standard):**<br>● उपयुक्त नर्सरी व्याड छनौट भएको<br>● स्वस्थ माउबोटबाट हाँगा लिइएको।<br>● २-३ वटा नोड भएका कटिङ्ग तयार गरिएको ।<br>● ६० डिग्रिको कोणमा घाउमा घाम नपर्ने गरी कटिङ्ग रोपिएको ।<br>● कटिङ्ग रोपेको वरिपरि माटो प्रेस भएको ।<br>● कटिङ्ग राखेको नर्सरीमा Mulching गरी सिंचाई दिएको ।<br>● कार्य सम्पादन अभिलेख राखिएको । | **कटिङ्गः**<br><br>● परिचय<br>● प्रकार र महत्व<br>● कटिङ्ग छुट्याउने तरिका<br>● कटिङ्ग रोप्ने तरिका<br>● ध्यान दिनुपर्ने कुराहरू |

| | | |
|---|---|---|
| १५.उपकरण तथा औजारहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने<br>१६.कार्य सम्पादन अभिलेख राख्ने । | | |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

कटिङ्ग गर्न मिल्ने हाँगाहरू भएको माउ बोट, सिकेचर, कोदालो, Rootex Powder. फित्ता टेप, कलम. कागज, Mulching material, हजारी

**सुरक्षा सावधानी (Safety Precautions)**

- कार्यस्थल, औजार तथा उपकरण साथै सामग्रीहरूको सुरक्षा सुनिश्चित गर्ने।
- व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने।
- तिखा तथा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने ।

| |
|---|
| **Module:** नर्सरी व्यवस्थापन Nursery Management<br>**Task 6:** नर्सरी हेरचाह गर्ने। Care for Nursery |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक ३०५ घण्टा ४.० घण्टा ३ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य(Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. आवश्यक जानकारी लिने ।<br>२. कार्य स्थल छनोट गर्ने ।<br>३. आवश्यक व्यक्तिगत सुरक्षाका उपकरणहरू प्रयोग गर्ने वा लगाउने ।<br>४. आवश्यकता अनुसार औजार तथा उपकरण र सामग्रीहरू संकलन गर्ने ।<br>५. आवश्यकता अनुसार लगातार रुपमा सिंचाई गर्ने ।<br>६. नर्सरीमा रहेको Plant हरूमा Dust Clean गर्ने र आवश्यकता अनुसार झारपात हटाउने । | **अबस्था (Condition):**<br>कार्यस्थल/Nursery<br><br>**निर्दिष्ट कार्य (Task):**<br>नर्सरी हेरचाह गर्ने Care for Nursery<br><br>**मानक (Standard):**<br>• नर्सरी पारिलो ठाँउमा छनोट भएको।<br>• नर्सरी सिंचीत भएको ।<br>• नर्सरीका विरुवामा Top Dressing गरेकाले हलक्क बढेका ।Nur | **नर्सरी हेरचाहः**<br>• परिचय<br>• आवश्यकता<br>• नर्सरीमा मल दिने तरिका<br>• नर्सरी हेरचाह गर्दा ध्यान दिनुपर्ने कुराहरू<br>**गुम्बज**<br>• परिचय<br>• प्रकार<br>• महत्व<br>• बनाउने तरीका |

| | | |
|---|---|---|
| ७. नर्सरीमा वाक्लो विरुवा वेड्याउने<br>८. हावा, हुरी र असीनाबाट नर्सरी प्लान्ट लाई जोगाउन प्लास्टीक गुमोज बनाउने ।<br>९. आवश्यकता अनुसार Mulching गर्ने ।<br>१०.नर्सरीमा आवश्यकता अनुसार रसायनिक रोगनासक, किरानासक तथा जैवीक पदार्थ प्रयोग गर्ने ।<br>११.मुसा तथा अन्य जनावरबाट बचाउने।<br>१२.कार्य सम्पन्न भएपछि कार्य स्थल सफा गर्ने<br>१३.उपकरण तथा औजारहरू सफा गरी निर्धारित स्थानमा भण्डारण गर्ने ।<br>१४.कार्य सम्पादन अभिलेख राख्ने | • sery मा गोडमेल भएको ।विरुवा हावा, हुरीले क्षती नभएको ।<br>• Nursery मा Mulching र बार बन्देज भएको<br>• कार्य सम्पादन अभिलेख राखिएको | |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials)**

हजारी, मलखादहरू, Stick. Mulch. Sprayer. खामा, किला. काटी, डोरी, पानी, प्लास्टीक सिट, बाँसको भाटा, रोगनासक र किरानासक रसायनीक/जैविक विषादी

**सुरक्षा सावधानी (Safety Precautions)**

- कार्यस्थल औजार तथा उपकरण साथै सामग्रीहरूको सुरक्षा सुनिश्चित गर्ने ।
- व्यक्तिगत सुरक्षा उपकरण अनिवार्य प्रयोग गर्ने ।
- तिखा तथा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने

**मोड्युल ३ : ग्रामिण खेती**

**विवरण (Description):** यस मोडेलमा ग्रामीण खेती गर्ने विविध विधिहरूको बारेमा उल्लेख गरिएका छन् । जस अन्तर्गत पाखोमा खेती गर्ने, बारीमा खेती गर्ने, भस्मेमा खेती गर्ने कार्यहरूसँग सम्बन्धित ज्ञान र सिपहरु समावेश गरिएका छन् ।

| |
|---|
| **मोड्युल परिणाम (Module Outcome):** यस मोड्युल पुरा भएपछि विद्यार्थीहरू ग्रामिण खेती गर्ने विविध जस अन्तर्गत पाखोमा, बारीमा र भस्मेमा खेती गर्न विद्यार्थीहरु सक्षम हुनेछन्। |
| **कार्यहरु :**<br>• पाखोमा खेती गर्ने<br>• बारीमा खेती गर्न<br>• भस्मेमा खेती गर्ने |
| **समय (Duration):** सैदान्तिक ३ घण्टा + व्यवहारिक २५ घण्टा = २८ |

| |
|---|
| **Module** : ग्रामीण खेती<br>**Task1** : पाखोमा खेती |
| **समय :** सैदान्तिक १ घण्टा + व्यवहारिक ८ घण्टा = ९ |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने<br>२. कार्यस्थल छनोट गर्ने<br>३. आवश्यकता अनुसार औजार सामग्री व्यवस्थापन गर्ने<br>४. बिरुवाको लागि होल खन्ने<br>५. कम्पोस्ट मल हाल्ने, माटो हाल्ने<br>६. उपयुक्त बिरुवा रोपी साँझ बिहान स्प्रेबाट पानी दिने<br>७. चिस्यान कायम राख्न भुस, स्याउला वा रुखको झ्याउ फेदमा राख्ने<br>८. औजारहरु सफा गर्ने<br>९. कार्य सम्पादनको अभिलेख राख्ने | **अवस्था :**<br>• कार्यस्थल र जमिन तयार<br>• बिरुवा रोप्ने आवश्यक क्षेत्रफल<br><br>**निर्दिष्ट कार्य**<br>पाखोमा बिरुवा रोप्ने<br><br>**मानक**<br>• ओसिलो स्थान छनोट गरिएको<br>• माटो र मल राम्ररी राखिएको<br>• बिरुवा रोपी खुकुलो माटोले पुरिएको<br>• बिरुवा सिधा रोपिएको<br>• बिहान बेलुकी स्प्रेद्वारा पानी दिएको | • सिन्कौली, अम्लीसो जस्ता बोट, वनस्पति, ओसिलो ठाउँमा उपयुक्त हुने<br>• साल खयर आदि बेसी तथा सुख्खा ठाउँमा हुने |

| | | |
|---|---|---|
| | • कार्यसम्पादन अभिलेख राखिएको | |

**औजार उपकरण र सामग्रीहरू**

गल (खन्ती) कोदालो, चक्कु,, डोरी, स्प्रे, कम्पोस्ट मल, बिरुवा , स्थानीय सामग्री

**सुरक्षा सावधानी**

- औजारहरूको सुरक्षा गर्ने
- तिखा र धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने

| |
|---|
| **Module:** ग्रामीण खेती<br>**Task 2 :** बारीमा खेती गर्ने |
| **समय (Duration):** सैदान्तिक १ घण्टा + व्यवहारिक ९ घण्टा = १० |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. आवश्यक जानकारी लिने<br>२. कार्यस्थल छनोट गर्ने<br>३. आवश्यकता अनुसार औजार सामग्री व्यवस्थापन गर्ने<br>४. बारी छनोट गर्ने<br>५. मिनी ट्रिलर वा हलो प्रयोग गरी जोत्ने<br>६. कम्पोस्ट मल छर्ने<br>७. बिउ छर्ने<br>८. पुन :जोत्ने<br>९. छेउकुना खन्ने (जोताइ नपुगेका ठाउँहरूमा राम्ररी खन्ने)<br>१०. मकै छर्ने, कोदो रोप्ने, तरकारी रोप्ने आदि गर्न सकिन्छ ।<br>११.बिउ वा बिरुवा अनुसार सिँचाइ व्यवस्था गर्ने<br>१२.औजार सफा गर्ने | **अवस्था**<br>• कार्यस्थल र जमिन तयार<br>• बिउ छर्ने वा बिरुवा रोप्ने आवश्यक क्षेत्रफल<br>**निर्दिष्ट गर्ने**<br>बारेमा खेती<br>**मानक**<br>• सानो गरा छनोट गरिएको<br>• माटो र कम्पोस्ट राम्रोसँग मिलाएको<br>• बिउ छरेको ठाउँमा खुकुलो माटोले पुरिएको<br>• बिरुवा भए सिधा सिधा रोपिएको | • मकैको बिउ छर्ने<br>• माटोको प्रकार चिन्ने<br>• बिउ छर्दा ध्यान दिनुपर्ने कुराहरु<br>• बिरुवा रोप्दा ध्यान दिनुपर्ने कुराहरु |

| | | |
|---|---|---|
| १३.कार्यसम्पादनको अभिलेख राख्ने | • सााना रोपिएका बिरुवाहरूलाई सिधा काठ वा सिन्काले सपोर्ट दिई डोरीले बाँधिएको<br>• बिरुवालाई बिहान बेलुकी स्प्रेद्वारा पानी दिएको<br>• कार्यसम्पादनको अभिलेख राखिएको | |

**औजार र सामग्रीहरू**

हलो, ट्रिलर, कोदालो,बिउ, बिरुवा, कम्पोस्ट मल, स्प्रे, पानी पिउने बोतल, स्थानीय समाग्री

**सुरक्षा वा सावधानी**

- औजारहरूको सुरक्षा गर्ने
- तिखा धारिला औजारहरू प्रयोग गर्दा सावधानी अपनाउने

| |
|---|
| **Module :** ग्रामीण खेती<br>**Task 3 :** भस्मे खेती |
| **समय :** सैदान्तिक १ घण्टा + व्यवहारिक ८ घण्टा = ९ |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. आवश्यक जानकारी लिने<br>२. भस्मेबारे जानकारी गराउने<br>३. भस्मे छनोट गर्ने<br>४. आवश्यकता अनुसार औजार व्यवस्थापन गर्ने<br>५. भस्मे खेती दलहन, सखरखण्ड,पिंडालु आदि खेती गर्ने<br>६. भस्मे जमिनको प्रकृति अनुसार खनजोत तथा मल हाल्ने | **अवस्था**<br>• कार्यस्थल र जमिनको तयारी<br>• बिउ छर्ने वा बिरुवा रोप्ने आवश्यक छलफल क्षेत्रफल<br><br>**निर्दिष्ट कार्य**<br>भस्मे मा खेती | • भस्मे जमिनमा उपयुक्त हुने बालीको ज्ञान<br>• माटो चिन्नु<br>• बिउ छर्दा वा बिरुवा रोप्दा ध्यान दिनुपर्ने कुरा |

| | | |
|---|---|---|
